Regd No.: 222411/076/077
Pan No.: 609607435

DEEP IT
& Educational Consultancy Pvt. Ltd.

Sirjanachowk, Pokhara-8
Kaski, Nepal

061-550521
9856025421/9824138027

मिति: २०७७/०९/०५

मर्स्याङ्दी गाउँपालिका
दर्ता नं :- ६०२६
मिति :- २०७७/०९/०८

श्रीमान् कार्यालय प्रमुख ज्यू,
मर्स्याङदी गाउँपालिका – शिक्षा शाखा,
लमजुङ, नेपाल।

**बिषय: विद्यालय तथा कलेजका विद्यार्थीहरुलाई सहभागी गराईदिने सम्बन्धमा।**

महोदय,

उपरोक्त सम्बन्धमा नेपाल सरकारले गण्डकी प्रदेशलाई पुर्ण साक्षर प्रदेश घोषणा गरिसकेको छ। प्रदेश शिक्षा क्षेत्रमा साक्षरता को युग पार गरेर उत्पादनको युग प्रवेश गरेको छ। साक्षरताको युगमा साधारण विषयको माग बढी रहेकोमा उत्पादन युगमा सुचना तथा प्रविधी क्षेत्रको माग बढी हुने गर्दछ। अब प्रदेशमा साक्षरता युगमा खुलेका विद्यालयहरुलाई उत्पादन युगले माग गरेका विद्यालयमा रुपान्तरण गर्न आवश्यक रहेको छ। विद्यालयबाट सुचना प्रविधीका विषयहरु पढेका विद्यार्थीहरु उत्पादन हुन सकेनन् भने महाँविद्यालय र विश्व बिद्यालयले प्राविधिक विषय पढ्ने विद्यार्थी पाउन सक्दैनन्। प्रदेशले औधोगिकरणको लागी आवश्यक प्रविधिक जनशक्ती उत्पादन गर्न सक्ने छैन र यस्को असर प्रदेशको औघोगिकरणमा देखिने छ। यस सन्दर्भमा माइक्रोसफ्ट करपुरेसन (USA) ले प्रत्येक बर्ष तिन वटा बिधा Microsoft Word, Microsoft Excel र Microsoft PowerPoint मा विश्वब्यापी प्रतियोगीता गर्दै आईरहेको छ। विद्यालय तथा कलेज तहका १३ बर्ष देखी २२ बर्ष उमेर समुहका विद्यार्थीहरु यस प्रतियोगीतामा सहभागी हुन सक्दछन्। यो एक विश्वकै सुचना प्रविधीको क्षेत्रको ठुलो कम्पिटेशन हो, जस्मा विश्वका १३५ भन्दा बढी राष्ट्रहरु सहभागी हुने गर्दछन्। नेपाल एक विकासोन्मुख देश हो र अधिकांश नेपाली विद्यार्थीहरुको लागी अन्तराष्ट्रीय तहको प्रमाण-पत्र हासिल गर्न खर्चिलो हुने हुनाले पनि चाहेर पनि आर्थिक कारणले हासिल गर्न नसकेको परिपेक्षमा यो प्रतियोगीता विद्यार्थीहरुको लागी सुचना प्रविधिको क्षेत्रमा ज्ञान आर्जन गर्नुको साथै अन्तराष्ट्रिय तहको माईक्रोसफ्टको प्रमाणपत्र हाँसिल गर्ने राम्रो अवसर हुन सक्दछ। अहिले हरेक क्षेत्र सुचना प्रविधीबाट बञ्चित नरहेको तपाई हाँमी सबैलाई अवगत भएको कुरा हो। त्यसमा पनि माईक्रोसफ्टको वर्ड(MS Word), एक्सल (MS Excel) र पावरपोईन्ट (MS PowerPoint) त जुनसुकै क्षेत्रको लागी अनिवार्य जान्नुपर्ने विषय भएको ले पनि यो विद्यार्थीको लागी अत्याधिक जरुरी रहेको हाम्रो ठम्याई रहेको छ। यस प्रतियोगीताको इतिहास हेर्ने हो भने सन् २००२ देखी सुरु भएको थियो र प्रत्येक बर्ष सञ्चालन हुने गर्दछ र सन् २०१३ मा एक्सल बिधामा नेपालले विश्व बिजेता पनि बनि सकेको जानकारी गराउन चाहान्छु। नेपाल सँगै यस बर्ष (२०२१) अन्य १३४ देश गरी जम्मा १३५ देशको सहभागीता हुदैछ। यस प्रतियोगीतामा सहभागी गराउँदा, बाबुनानीको कम्प्युटरमा दक्षता पनि हुने, उनिहरुको पढाईलाइ पनि थप सहयोग हुने र विश्वकै सुचना प्रविधी क्षेत्रको ठुलो संस्था माइक्रोसफ्ट करपुरेसन (USA) द्वारा प्रदान गरीने अन्तराष्ट्रिय तहको प्रमाण-पत्र पनि उपलब्ध हुने जसले हाम्रा बाबु,नानीको भोलीको जिवनयापनमा पनि सहयोगी हुनुको साथै विद्यार्थीहरुले हाँसिल गरेको प्रयोगात्मक सिपलाई रोजगारमा बदल्ने र रोजगारलाई उत्पादनमा बदल्ने र उत्पादनबाट आएको लाभांस मानव कल्याण र नबप्रवतनमा लगाउन सक्ने जनशक्ति उत्पादन गर्नु प्रदेशको माग रहेको र सुचना प्रविधीको बिकास विना यो सम्भव नरहेकोले मर्स्याङदी गाउँपालिकामा रेहेका सामुदायिक तथा संस्थागत विद्यालय तथा कलेजमा अध्ययनरत १३ देखी २२ बर्ष उमेर समुहका विद्यार्थीहरुलाई प्रतियोगीतामा सहभागी गराउनको लागी निम्न सहयोग गरिदिनुहुन अनुरोध गर्दछौ।

क) संम्बन्धित विद्यालय तथा कलेज सहभागीता गराउनको लागी पत्राचार गरिदिनुहुन।

ख) सामुदायीक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको लागी चाहाना रहेर पनि आर्थिक अभावका कारण सहभागीतामा समस्या हुने हुदा उक्त विद्यालयका जेहेन्दार तथा उत्कृष्ट, प्रति विद्यालय १५ जना विद्यार्थीहरुलाई सहभागी हुने अवसर सृजना गराईदिनुहुन अनुरोध गर्दछौ।

ग) गाउँपालिकाको सुचना बोर्ड तथा वेवसाईडमा यस सुचना राखी सहयोग गरिदिनुहुन अनुरोध गर्दछौ।

**प्रतियोगीताका चरणहरु ।**

क) **जिल्ला स्तरीय चरण:** २०७८ जेठ महिनामा, पोखरामा सञ्चालन हुदैछ ।

ख) **राष्ट्रिय चरण:** २०७८ असार महिनामा, पोखरा | काठमाण्डौमा सञ्चालन हुनेछ ।

ग) **अन्तराष्ट्रिय चरण:** २०७८ साउन महिनामा, अमेरिका (Orlando Florida, USA) मा सञ्चालन हुनेछ ।

**प्रतियोगीताबाट बाबुनानीहरुले गर्ने उपलब्धीहरु:**

क) बाबुनानीहरुको सिप विकास तथा खाली समयको सही सदुपयोग ।

ख) विश्वकै ठुलो अन्तराष्ट्रिय प्रतियोगीतामा सहभागी हुने अवसर ।

ग) विश्वकै ठुलो अन्तराष्ट्रिय संस्थाबाट अन्तराष्ट्रिय तहको प्रमाण-पत्र प्राप्त गर्ने अवसर ।

घ) नि-शुल्क तालिम तथा सिक्ने सामाग्रीको व्यवस्था ।

ङ) देश- विदेशका अन्य विद्यालयका विद्यार्थीहरुसँग अन्तरक्रृया गर्ने पाउने अवसर ।

च) विद्यार्थीले एकपटक रजिष्ट्रेशन गरिसकेपछी सम्पुर्ण चरणको लागी अन्य कुनै पनि शुल्क नलाग्ने ।

छ) विद्यालय, जिल्ला, प्रदेश, राष्ट्रको साथै विश्व विजेता बन्न सक्ने अवसर ।

**विद्यार्थीहरुलाई रजिष्ट्रेशनको लागि आवश्यक कागजातहरु**

क) पासपोर्ट साईज फोटो एक (१) प्रति

ख) जन्म मिती खुल्ने प्रमाण पत्रको प्रतिलिपी (१) प्रति

ग) रजिष्ट्रेशन शुल्क रु. २,१७०/- (प्रति विद्यार्थी)

**सामुदायिक विद्यालयका प्रति विद्यालय १५ जनाका दरले सहभागीता गराउदा लाग्ने खर्चको विवरण**

सामुदायिक विद्यालय संख्या: ५८ (स्रोत: शिक्षा मन्त्रालयको रिपोर्ट २०१७)

कम्तिमा सहभागी गराउन अनुरोध गरिएका सामुदायिक विद्यालय संख्या: १० विद्यालय

प्रति विद्यालय कम्तिमा सहभागी गराउन अनुरोध गरिएको विद्यार्थी संख्या: १५ जना

जम्मा विद्यार्थी: १० × १५ = १५० जना

प्रति विद्यार्थी रजिष्ट्रेशन शुल्क: २,१७०/- (अक्षरुपी: दुई हजार एक सय सत्तरी मात्र)

**कुल लागत: १५०× २,१७० = ३,२५,५०० (अक्षरुपी: तिन लाख पच्चिस हजार पाँच सय मात्र)**

निवेदक

दिपेन्द्र लामिछाने

(माईक्रोसफ्ट अफिस स्पेशलिष्ट नेशनल अपरेसन म्यानेजर)